

# सबैको आशा बन्दै 'आशा'




## डा. हेम राज शर्मा

*अध्यक्ष, अमलाचौर स्कुल अल्मुनाई एसोसियसन*


विकसित मुलुकको विकासक्रम हेर्दा शिक्षाले मात्र समाजको परिवर्तन गर्न सक्छ भन्ने कुरा प्रष्ट गर्दछ। शिक्षाप्रेमी नोबेल पुरस्कार विजेता मलालाको 'एक बच्चा, एक शिक्षक एक कलम र एक कपीले संसार परिवर्तन गर्न सक्छ' भन्ने भनाइले यो सत्यलाई बल पुग्दछ। नेपालमा औपचारिक शिक्षा सुरु भएको धेरै भएको छैन। राणाकालमा परिवारका सदस्यलाई शिक्षित बनाउन सन १८५३ गुरुकुलको स्थापना भएको भए पनि आम नेपालीको लागि पहिलो स्कुल भने सन १९५१ मा मात्र स्थापना भएको थियो। जब कि बेलायतको पहिलो एन्डिपेन्टेण्ट स्कुल सन् ६०० भन्दा पहिले नै स्थापना भएको थियो। यो ६४ वर्षको अवधिमा नेपाल सरकारले शिक्षाको विकासको लागि निकै जोड दिदै आएको देखिन्छ, कागजी रूपमा। सरकारले आधार भूत स्कुले शिक्षाको लागि कुल बजेटको सबैभन्दा धेरै रकम खर्चिने गर्छ। अबौंको बजेट त साक्षरता अभियान सञ्चालन गर्नैमा खर्च भैरहेको छ। तर, उपलब्धी निकै न्यून छ। पछिल्लो समयमा आएर निजी विद्यालय र सरकारी विद्यालयको शिक्षाको स्तरको खाडल बढ्दो छ।

दुर्भाग्यबस पृथ्वी उच्च मावि अमलाचौर पनि अन्य सरकारी विद्यालय भन्दा फरक छैन। सरकारी विद्यालयमा शिक्षाको स्तर कमजोर हुनुको कारणबारे विभिन्न अध्ययन विश्लेषण हुने गरेका छन्। शिक्षकको गुणस्तरका लागि कुनै एउटा पक्षलाई मात्र दोष दिनु भन्दा शिक्षक, विद्यार्थी, अभिभावक, सरकारको शैक्षिक नीति तथा संरचना, प्राप्त स्रोत, परीक्षा प्रणाली, पठनपाठन प्रकृया आदि र केही हदसम्म हाम्रो संसारसँग जोडेर हेरिनुपर्छ।

पृथ्वी उच्च माविका विद्यार्थीहरु पुरानो पुस्ताप्रति आभारी छन्। नेपालमा औपचारिक शिक्षाको सुरु भएको केही वर्षमा नै स्थापित यस विद्यालय अहिले उच्च माविसम्म आईपुगेको छ। राजधानीबाट टाढा दुर्गम गाउँमा, अहिले जस्तो सञ्चारमाध्यम नभएको र प्रायः सबै अभिभावक निरक्षर रहेको अवस्थामा पनि शिक्षाको महत्व बुझेर विद्यालयको स्थापना गर्ने हाम्रो हजुरबुवा पुस्ताप्रति अनुग्रही छौं। अहिले जस्तो विद्यालयको स्थापना गर्ने दायित्व राज्यको हो र शिक्षा प्राप्त गर्ने हाम्रो अधिकारको भन्ने धारणा त्यति बेला थिएन। आफ्नो गास कटाएर, हप्तौं पैदल हिँडेर, राज्यपक्षलाई अनुनय विनय गरेर विद्यालय स्थापनाको लागि पुरानो पुस्ता लाग्नु भयो। यसै विद्यालयको शिक्षाले हामीहरुलाई यहाँसम्म ल्याई पुऱ्यायो। यसको बदलामा हामीले विद्यालयलाई के दियौं, समाजलाई के दियौं, पुरानो पुस्ता भन्दा हामी अलि बढी स्वार्थी त भएनौं, आदि प्रश्नको जवाफ खोज्ने बेला भएको छ।

उचित अवसर हुने हो यस विद्यालयका विद्यार्थीहरू राष्ट्रिय मात्र हो ईन अन्तर्राष्ट्रिय स्तरमा पनि प्रतिस्पर्धा गर्न सक्छन भन्ने थुप्रै उदाहरण छन्। आउने पुस्तामा झन बढी संभावना रहेको छ। उनीहरुको लागि उचित वातावारण र अवसर तयार गर्न पूर्व विद्यार्थीहरूले ठूलो भूमिका खेल्न सक्छन्। यसै धारणाका साथ अमचाचौर स्कुल अल्मुनाई'Amalachaur School Alumni Association 'ASAA' स्थापना भएको हो।

हामीले विद्यालय अध्ययन गर्ने बेलामा संसार यति ठूलो छ र यहाँ यति धेरै संभावना छन भन्ने कल्पनासम्म भएको भए भविष्यमा केही गर्ने र केही बन्ने महत्वाकांक्षी हुने थियौं। तर हाम्रो पुस्तालाई समयले जता डोरायो गन्तव्य त्यतै बन्यौं। गाउँको सरकारी विद्यालयमा पढेकोले प्रतिस्पर्धी हुन सकिदैंन कि भन्ने भय सधैं रह्यो। तर हामीले यो गलत सवित गरेका छौ। हाम्रा अनुभवहरू अहिलेका विद्यार्थीहरूलाई बाँढ्ने

लेखक अमलाचौर स्कुल अल्मुनाई एसोसिएसनका अध्यक्ष हुनुहुन्छ

हो भने उनीहरुको आत्मविश्वास अवश्य बढ्ने छ। आत्मविश्वास र दृढताले मानिसलाई आधा सफल बनाउँछ, बाँकी उसको क्षमता र अवसरमा भर पर्छ।

पहिले 'knowledge is power' भनिन्थ्यो । अहिलेको सूचना प्रविधिको जमानामा knowledge को साथमा network र communication पनि त्यति कै महत्व छ । हामीले आर्जन गरेको अनुभव नै knowledge हो। अल्मुनाईमार्फत हामीले network को स्थापना गरेका छौ । अब आपसी संवाद्लाई प्रभावकारी बनाएर विद्यार्थीहरूलाई Empower, Encouragement and Exposure (3E) दिनु पर्छ।

विद्यार्थीको सफलताको लागि उनीहरुको आत्मविश्वासका साथमा शिक्षकहरुको लगनशीलता र अभिभावको सहभागिता पनि महत्वपूर्ण छ । शिक्षकको प्रभावबाट विद्यार्थीले आफ्नो भविष्य निर्धारण गर्ने गर्छन। खासगरी हाम्रो जस्तो ठाउँमा, जहाँ भविष्य निर्माणको सुझाव र सल्लाह लिने अरु माध्यम छैनन, गुरुहरुले आफ्नो जिम्मेवारीको बोध गर्नु जरुरी छ। विद्यार्थीहरुको असफताको पछि अक्सर शिक्षकलाई दोष दिने गरिन्छ। तर, त्यसको भागिदार अभिभावक पनि हुनुपर्छ। सरकारले तलब दिएको छ शिक्षकले पढाउनु पर्छ, स्कुल गए पछि विद्यार्थी जसरी पनि पास हुनुपर्छ भन्ने धारण राखेर मात्र पुग्दैन। आफ्ना छोराछोरीको नियमित पठनपाठन र प्रगति नजिकबाट अनुगमन गर्नुपर्छ। राजनीतिक चश्माले भन्दा क्षमताको आधारमा शिक्षकको मुल्यांकन गर्नु पर्छ। विद्यालयमा हुने राजनीतिक भागबण्डा र क्रियाकलापले आफ्नो छोराछोरीको भविष्यमा प्रभाव पार्ने कुरालाई अभिभावकले ध्यान दिनु जरुरी छ। विद्यार्थी, शिक्षक र अविभावक ओदानका तीन खुट्टा हुन, एउटाको भूमिका मात्र कमजोर भयो भने भान्सा पाक्न कठिन हुन्छ। अल्मुनाई त केवल सहयोगी मात्र बन्न सक्छ।

## अमलाचौर स्कुल पूर्व विद्यार्थी संघ र यसका गतिविधि

स्वदेश तथा विदेशमा रहेका पृथ्वी उच्चमाध्यमिक विद्यालय अमलाचौरका पूर्वविद्यार्थीलाई एकताबद्ध गर्दै विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर वृद्धि गरी यस विद्यालयमा अध्यनरत विद्यार्थीको सुनौलो भविष्य निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यसाथ सन् २०१३ को नयाँ वर्षका दिन एउटा अभियान थालनी गरिएको थियो । पूर्वविद्यार्थीले आर्जन गरेको अनुभव, सीप र ज्ञानबाट विद्यालयलाई




२०१३ अक्टोवरमा २३ मा काठमाडौंमा सम्पन्न पहिलो साधारणसभामा उपस्थित पूर्व शिक्षामन्त्री दीनानाथ शर्मा, एनआरएनका निर्वतमान अध्यक्ष जिवा लामिछाने लगायतका सहभागीहरू


लाभान्वित गराउने उद्देश्यले थालनी गरिएको अभियानलाई टेवा पुऱ्याउन प्रारम्भमा अमलाचौर स्कुल अल्मुनाई एसोसिएसन (Amalachaur School Alumni Association) 'आशा' नामक संस्था बेलायतमा दर्ता गरियो।

'हाम्रो स्कुल हाम्रो गौरव हाम्रो पौरख' नारासाथ अगाडि बढेको अभियानलाई संस्थागत गर्न २०१३ अक्टोबर २३ तारिख (६ कात्तिक २०७०) मा काठमाडौंमा अल्मुनाईको पहिलो साधारणसभा सम्पन्न भयो । तत्पश्चात् जिल्ला प्रशासन कार्यालय काठमाडौंमा समेत दर्ता भई 'आशा'ले विभिन्न गतिविधि सञ्चाल गर्दै आएको छ । पहिलो साधारणसभामा काठमाडौंमा रहनुभएका पूर्वविद्यार्थी, शिक्षक, अभिभावकको सहभागिता थियो । अथितिका रूपमा पूर्वशिक्षामन्त्री दीनानाथ शर्मा, गैरआवासीय नेपाली संघ अध्यक्ष शेष घले, निवर्तमान अध्यक्ष जीवा लामिछाने लगायतको सहभाहिता थियो। साधारणसभाले डा. हेमराज शर्माको अध्यक्षतामा एक समिति चयन गऱ्यो। समिति उपाध्यक्षमा हेमराज ढकाल, सचिव राजन पौडेल, कोषाध्यक्ष दुर्गालाल शर्मा चापागाईं र सदस्यमा चमत्कार पौडेल, रवीन्द्र ढकाल, मित्र शर्मा पौडेल रहनुभयो।

संस्था दर्ता, बैंक खातालगायतका कानुनी काम छिटो-छरितो गर्न काठमाडौंमा उपस्थितमध्येबाट सानो समिति गठन गरिए पनि अर्को अधिवेशनबाट समितिको विस्तार गरिँदै लगिने योजना रहेको छ । बढीभन्दा बढी पूर्वविद्यार्थी र अभिभावकलाई समेट्दै आसाले आफ्नो कामलाई अघि बढाउनेछ।

एसोसिएसनले विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि एक अक्षयकोष स्थापना गर्ने प्रमुख लक्ष्य लिएको छ । हालसम्म प्राप्त करिब ५६ लाख रुपैयाँमध्ये आधाभन्दा बढी पूर्वविद्यार्थीबाट प्राप्त भएको छ । बाँकी रकम भने गैरआवासीय नेपाली र शुभचिन्तकबाट प्राप्त भएको हो। रकम संकलनका लागि फेसबुक क्याम्पेन तीव्र बनाइएको थियो भने जापानको टोकियोमा पूर्वविद्यार्थीको सक्रियतामा च्यारिटी कार्यक्रम गरिएको थियो । यस वर्ष युरोपको विभिन्न देशमा यस्तै कार्यक्रम गर्ने योजना रहेको छ।

समितिको यसै वर्षको प्रारम्भमा काठमाडौंमा बसेको बैठकले पहिलो चरणको कार्यक्रम घोषणा गरेको छ (हेर्नुहोस् बक्स) । जसमध्ये विद्यालयमा एउटा 'कम्प्युटर तथा विज्ञान प्रयोगशाला स्थापनाका लागि सहयोग जुटाउने काम तीव्र रूपमा अघि बढेको छ। प्रयोगशालाको प्रारम्भिक खाका प्रस्तावित गरिसकिएको छ (हेर्नुस तस्विर) । यस प्रयोगशालामा माध्यमिक विद्यार्थीको ict को कक्षा, निम्न माध्यमिक विद्यार्थीका लागि कम्प्युटरमा आधारित अध्यापन तथा विज्ञान विषयको प्रयोगात्मक कक्षा सञ्चालन गरिनेछ । साथै स्थानीयका लागि समेत इन्टरनेट, कम्युनिकेसन, ई-लाइब्रेरी, बैठक आदि सुविधा व्यवस्था गरिनेछ। building, interior, computers, technician support सहित कम्तीमा ७०/८० लाख रुपैयाँको परियोजना सम्पन्न गर्न पूर्वविद्यार्थीबाट मात्र सम्भव छैन । स्थानीय जनसहभागिता, विद्यालय, गाविस, त्यस क्षेत्रका सांसदलगायत अन्य स्रोतबाट सहयोग अपेक्षा गरिएको छ।




| श्रोत | सहयोग रकम (रु) |
|---|---|
| पूर्व विधार्थी तथा शिक्षक | २९७०००० |
| एनआरएन | १२५८००० |
| शुभचिन्तक | ६२३००० |
| एनआरएन र शुभचिन्तकबाट प्रतिबद्दता | ६५६००० |
| पूर्व विधार्थीबाट प्रतिबद्दता | १०१३०० |
| जम्मा | ५६०८३०० |





प्रस्तावित कम्प्युटर तथा विज्ञान प्रयोगशालाको नमूना, ईन्जिनियर सुभाष अधिकारीबाट डिजाईन गरिएको

## पहिलो चरणका कार्यक्रम

(१) अमलाचौर स्कुलबाट एसएलसीमा उत्कृष्ट अंक ल्याउने एक छात्र, एक छात्रा तथा उत्कृष्ट शिक्षकलाई पुरस्कार व्यवस्था गर्ने । पुरस्कार विद्यालयको जन्मोत्सवको अवसर पारेर वितरण गर्ने ।

(२) निवृत्त भइसकेका विद्यालयका पूर्वशिक्षकलाई सम्मान गर्ने ।

(३) विद्यालयको स्मारिका प्रकाशन गर्ने । जसमा विद्यालयको ऐतिहासिक पृष्ठभूमि, हालको अवस्था, स्थापनादेखि अहिलेसम्मका शिक्षक, व्यवस्थापन समिति, विद्यालयबाट एसएलसी उत्तीर्ण हुने विद्यार्थी, सहयोगदाता आदिको विवरणसहित लेख-रचना रहनेछन् ।

(४) चिल्ड्रेन नेपालसहितका गैरसरकारी संस्थाको सहकार्यमा शिक्षकलाई तालिम व्यवस्था गर्ने ।

(५) विद्यार्थीलाई हौसला बढाउन प्रत्येक ६ महिलामा विज्ञलाई आमन्त्रण गरी टक प्रोग्राम गर्ने ।

(६) एक कम्प्युटर तथा विज्ञान प्रयोगशाला स्थापनाका लागि आवश्यक गृहकार्य गरी परियोजना तयार गर्ने ।

विद्यालय बनाउने अभियानमा हाल विदेशमा रहेका पूर्वविद्यार्थीको सक्रियता रहेको भए पनि स्थानीयस्तरको सहभागिताविना अभियान सफल बनाउन सम्भव छैन । त्यसैले, अल्मुनाईले समय-समयमा अभिभावक, शिक्षक, विद्यार्थी, व्यवस्थापन समिति, स्थानीय राजनीतिक दलसम्बद्ध प्रतिनिधि, समाजसेवीसँग विभिन्न समयमा अन्तर्क्रिया गर्दै आएको छ । साथै, शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थासँग पनि परामर्श गर्दै आएको छ । बालमैत्री विद्यालयमा कार्यरत चिल्ड्रेन नेपाल नामक गैरसरकारी संस्थाका सहयोगमा शिक्षकलाई आवासीय तालिम सुरुवात गरिएको छ। (हेर्नुस तस्बिर) एसोसिएसनले सामाजिक संस्थामा कार्यरत विज्ञसँग पनि परामर्श गर्दै आएको छ । (हेर्नुहोस् बक्समा हेल्प नेपालका संस्थापक अध्यक्ष तथा बीबीसी नेपाली सेवाका प्रमुख रवीन्द्र मिश्रको शुभकामना सन्देश ।)

हालसम्म भएका गतिविधि केवल सुरुवातमात्र हुन् । पूर्वविद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय सबैको सहभागिता भएमा मात्र हाम्रो विद्यालयलाई नमुना विद्यालय बनाउन सकिन्छ । यसरी नेपालभरि सबै पूर्वविद्यार्थीले आ-आफ्नो स्कुल बनाउन जुट्ने हो भने समग्र नेपालमा शिक्षाको गुणस्तर बढाउन सम्भव छ । आफ्नो स्कुल बनाउन अरूको मुख नताकौं ।



२०१३ अक्टोवर २३ मा काठमाडौंमा सम्पन्न पहिलो साधरणसभामा उपस्थित सहभागीहरू




२०१३ अक्टोवर २३मा काठमाडौंमा सम्पन्न पहिलो साधरणसभालाई सम्बोधन गर्दै एनआरएन अध्यक्ष शेष घले



२०१३ जनवरी २८ मा लण्डनमा अल्मुनाईको वेवसाईट http://www.asaanepal.org उद्घाटन गर्नुहुँदै तत्कालिन शिक्षामन्त्री दीनानाथ शर्मा)



२०१३ अगष्ट ११ मा टोकियोमा सम्पन्न च्यारिटी कार्यक्रमा सहभागी हुँदै पूर्व विद्यार्थीहरू



२०१३ अक्टोवरमा अमलाचौरमा सम्पन्न अल्मुनाईको सक्रियतामा शिक्षक, अभिभावक, समाजसेवी तथा अल्मुनाईका प्रतिनिधि अन्तर्क्रिया



२०१५ जनवरी अमालाचौर: विद्यालयको स्मारिका प्रकाशन लागि ऐतिहासिक दस्तावेज खोतल्दै पूर्व तथा वर्तमान शिक्षक र समाजसेवीहरु



२०१५ जनवरीमा काठमाडौंमा सम्पन्न पूर्व विद्यार्थी, अभिभावक तथा शिक्षकहरूको अन्तर्क्रियामा सहभागीहरु



२०१५ जनवरी काठमाडौंमा सम्पन्न अल्मुनाईको बैठकमा सहभागी हुँदै शिक्षाप्रेमी भोला चालिसे तथा खुला विश्वविद्यालयका अभियन्ता डा. प्रमोद ढकाल



२०१५ जनवरी चिल्ड्रेन नेपाल र अल्मुनाई प्रतिनिधिबीच भएको अन्तक्रिया पश्चात खिचिएको तस्वीर



२०१५ जनवरी अल्मुनाईको भावी कार्यक्रमाबारे जानाकारी लिँदै विद्यार्थीहरु



पूर्व विद्यार्थी तथा सफल व्यवसायी आईएमईका अध्यक्ष चन्द्र ढकाललाई अल्मुनाईको गतिविधिबारे जानकारी दिँदै ।



२०१५ जनवरी विद्यालय र अल्मुनाई प्रतिनिधि शिक्षा विभागका निर्देशक लवदेव अवस्थीसँग भेटघाट

## शुभकामना : रवीन्द्र मिश्र, हेल्प नेपाल नेटवक



अमलाचौर स्कुल अल्मुनाई एसोसिएसनले संसारभरी छरिएर रहेका सो स्कूलका पूर्व विद्यार्थी तथा अन्य शुभेच्छुकहरूको सहयोगबाट स्कूलको भौतिक तथा शैक्षिक गुणस्तर वृद्धि गर्ने तथा सो स्कूलमा अध्यनरत विधार्थीहरूको भविष्य निर्माणमा टेवा पुऱ्याउने उद्देश्यका साथ रू एक करोडको अक्षय कोष स्थापना गर्न लागेको खबर पढ्न पाउँदा असाध्यै खुशी लागेको छ ।

खबर पढ्ने वित्तिकै लाग्यो, देशभरका सबै स्कूलका विद्यार्थीहरूले यसैगरी आ-आफ्नो स्कूलको हितका लागि यस्तै परोपकारी प्रयास गर्ने हो भने त्यसको असर कस्तो होला ?

अमलाचौर स्कुल अल्मुनाई एसोसिएसनको प्रयास चाँडोभन्दा चाँडो पुरा हुनेछ भन्नेमा कुनै शंकै छैन किनभने सो स्कूलमा पढेर 'खान पुग्ने' अवस्थामा पुगेका हरेक विद्यार्थीले यो अभियान साथ दिने नै छन् । तर यो अभियान अमलचौरका पूर्व विद्यार्थीहरूमा मात्र सीमित रहने छैन । यसले अरू धेरैलाई आफ्ना स्कूलहरूको सम्झना दिलाउँदै सहयोगको हात फैलाउन प्रेरित गर्नेछ ।

कुनै विन्दुमा म आवद्ध परोपकारी संस्था हेल्प नेपाल नेटवर्क साहयोगी हुनसक्छ भन्ने लागेमा हामीलाई सम्पर्क गर्नु नै हुनेछ भन्ने विश्वासका साथ तपाईंहरूको प्रयासप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

रवीन्द्र मिश्र
संस्थापक अध्यक्ष
हेल्प नेपाल नेटवर्क

